# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०१/१० गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

नापी कार्यालय, जनकपुर, धनुषा अन्तर्गत २ नं. नापी टोलीको कार्यालयमा सेवा करार अन्तर्गत अमिन पदमा कार्यरत कृष्ण प्रसाद जोशीले त्रुटीपूर्वक अर्काको नाममा नापी भएको गाउँ ब्लकको जग्गा साविक अनुसार सेवाग्राहीकै नाममा नाप नक्सा कायम गराउनका लागि सम्बन्धित कार्यालयमा निवेदन दिएकोमा सो कार्य गरे बापत विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा आयोगको कार्यालय, वर्दिबासबाट खटिई गएको टोलीले निज अमिन कृष्ण प्रसाद जोशीलाई रु.३०,०००।-(तीस हजार) घुस रकम लिंदै गर्दाको अवस्थामा निजकै कार्यालय परिसरबाट घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान हुंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) बमोजिमको कसूर गरेको देखिएको हुंदा निज कृष्ण प्रसाद जोशीलाई बिगो रू. ३०,०००।- (तीस हजार) कायम गरी सोही ऐनको दफा ३ (१) र सोही दफाको उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता